## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३२/२०८०/०८१

कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बयरवन, मोरङ कोशी प्रदेश, नेपाल

### निर्णय नं.(१)

प्रस्ताव नं.(१) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको "कार्य सञ्चालन निर्देशिका, २०७८" लाई संशोधन गर्न वान्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कानेपोखरी गाउँ कार्यपालिकाले देहाय वमोजिम निर्देशिकाको अनुसूचीमा संशोधन गर्ने सर्वसम्मतिले निर्णय पारित गरियो।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम कानेपोखरी गाउँपालिकाको "कार्य सञ्चालन निर्देशिका (पहिलो संशोधन),२०७८" रहेको छ।

२. मूल निर्देशिकाको अनुसूची-१ मा भएको संशोधनः-

१. यस निर्देशिकाको अनुसूची-१ मा अनुसूची-१ "क" थप गरी २ पाङ्ग्रे सवारी साधानको हकमा निम्न बमोजिम थप गरिएको छ।

अनुसूची-१(क)

कानेपोखरी गाउँपालिकावाट कर्मचारीहरुलाई वितरण हुने इन्धनको परिमाणात्मक तालिका ।

| क्र.स. | पद | शाखा | पेट्रोल लि./ प्रति महिना | विवरण पेश गर्नु पर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन | २५ | लाइसेन्स/ ब्लुवुक | |
| १ | लेखा अधिकृत/ इन्जिनियर | | २० | लाइसेन्स/ ब्लुवुक | |
| २ | अधिकृत सातौं | प्रशासन/शिक्षा | १५ | लाइसेन्स/ ब्लुवुक | |
| ३ | भौतिक पूर्वाधार शाखाका अन्य कर्मचारी | पूर्वाधार विकास शखा | १० | लाइसेन्स/ ब्लुवुक | लगवुकको आधारमा वढीमा ५ लिटर प्रतिमहिना सम्म थप |
| ४ | विषयगत शाखा प्रमुख/शाखा प्रमुख | विषयगत शाखा | १२ | लाइसेन्स/ ब्लुवुक | |
| ५ | वडा सचिव, विषयगत | प्रशासन | १० | लाइसेन्स/ ब्लुवुक | |



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | शाखा तथा अन्य शाखा/उपशाखाका कर्मचारीहरु | | | | |
| ६ | स्वास्थ्य चौकी प्रमुख/स्वास्थ्य सेवा केन्द्र प्रमुख | स्वास्थ्य सेवा | ५ | लाइसेन्स/ ब्लुबुक | |
| ७ | नगरप्रहरी प्रमुख | प्रशासन | १२ | लाइसेन्स/ ब्लुबुक | |
| ८ | सवारी चालक | प्रशासन | ५ | लाइसेन्स/ ब्लुबुक | |
| ९ | कार्यालय सहयोगी | प्रशासन | ५ | लाइसेन्स/ ब्लुबुक | |
| १० | भूमिहिन सुकुम्बासी अवस्थित लगत संकलन केन्द्र प्रतिब्यक्ती | अव्यबस्थित/सुकुम्वारी लगत संकलन केन्द्र | ८ | लाइसेन्स/ ब्लुबुक | |
| १० | नगरप्रहरी | प्रशासन | ८ | लाइसेन्स/ ब्लुबुक | |

(नोटः- उपरोक्त बमोजिमको ईन्धन खर्च चालु आ.व.को सुरु महिना देखि नै लागु हुनेछ।)

कानेपोखरी गाउँपालिकाको सुरक्षा सेवा प्रधान गर्ने प्रहरी चौकीहरुको लागि

| क्र.स. | कार्यालय | पेट्रोल/डिजेल प्रति महिना | कैफियत |
|---|---|---|---|
| १. | इलाका प्रहरी कार्यालय,पथरी | ७० लि.(डिजेल) | |
| २. | रमाईलो प्रहरी चौकी, कानेपोखरी-६ | २० लि.(पेट्रोल) र १०० लि.(डिजेल) | |
| ३. | अस्थायी प्रहरी चौकी, कानेपोखरी-७ | ३० लि. (पेट्रोल) | |
| ४. | सशस्त्र प्रहरी वेस क्याम्प, बाहुनी | ४५ लि.(डिजेल) | |
| ५. | सशस्त्र प्रहरी वेस क्याम्प, पथरीशनिश्चरे | ३० लि.(डिजेल) | |

**निर्णय नं.(२)**

प्रस्ताव नं.(२) माथि छलफल गर्दा आ.व.०७९।८० मा कार्यसम्पन्न भै रकम भुक्तानी गर्न बाँकी रहेका योजनाहरुको गत आ.व.मा अल्या भई आएका रकमबाट भुक्तानी गर्ने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।



CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३२/२०८०/०८१

| | | |
|---|---|---|
| आ.व २०७९।८० को भुक्तानी बाँकी उपभोक्ता समिति/संस्था/व्यक्ति समेत। | | |
| क.सं | भुक्तानी हुन बाँकीको विवरण | रकम |
| १ | ओरेक नेपाल | ४१५००० |
| २ | लक्ष्मी फर्निसिङ सेन्टर | ५१४९८ |
| ३ | आधारभुत स्वास्थ्य केन्द्र भवनमा सुरक्षाका लागि ग्रिल तथा ढोका निर्माण(तिलक मगर) वडा न २ | ३५००० |
| ४ | दहिधाप सुन्तोलि कामत किसान र नर्शरी टोलमा खानेपानी विस्तार | २४००० |
| ५ | होक्लाबारी स्वास्थ्य चौकी भवनको माथिल्लो तलामा ट्रस्ट लगानइ कोठा निर्माण उ.स | ९००००० |
| ६ | किरणपोखरी मर्मत तथा व्यवस्थापन उ.स | ३१०००० |
| ७ | महिमा मण्डलि चर्च मर्मत उ.स वडा नं ५ . | १५०००० |
| ८ | हाटखोला पुर्वतर्फ ड्रेन निर्माण उ.स वडा न ६ | ४००००० |
| ९ | सतुवाँध सडक स्तरोन्नति उ.स वडा न २ | १००००० |
| १० | वडा भित्रका विभिन्न सडक निर्माण वडा नं ७ | ५०००० |
| ११ | पिडडाँडा सिचाइ पैनि शाखा नं १ को पक्की क्यानल निर्माण उ.स | २००००० |
| १२ | भलुवा पैनि छेउ शान्तिटोल जाने सडक मर्मत उ.स | २०००० |
| १३ | कडीया खोला झोलुङ्गे पुल निर्माण उ.स वडा न ४ | ८१६६४७४७ |
| १४ | आदिवाशि समुदायको मागमा आधारित शिपमुलक तालिम कार्यक्रम | ५००००० |
| १५ | फुर्वा शेर्पाको घरदेखि टंक राइको घरसम्म जोड्ने बाटो स्तरोन्नति वडा नं ४ | १००००० |
| १६ | वडा कार्यालय आगनमा कोठा तथा पेभमेन्ट निर्माण वडा नं २ | ५००००० |
| १७ | कडिया खोला छेउ शिवालय मन्दिर निर्माण उ.स वडा नं ३ | ३००००० |
| १८ | गैरिगाउँ चोकबाट उत्तर निर्मल गिरिको घर पुर्वपट्टि भलुवा पैनिमा कल्भर्ट निर्माण | ४००००० |
| १९ | ज्ञान बहादुर मगरको घरदेखी डम्बर लिम्बुको घरसम्मको सडक स्तरोन्नति उ.स | १५०००० |
| २० | वडा भित्रका विभिन्न सडक मर्मत वडा नं ७ | ५०००० |
| २१ | फोहरमैला व्यवस्थापन गंगा चौधरी लाइ भुक्तान गर्नुपर्ने | १०१४५५ |
| २२ | आवरण ट्रेड एण्ड सप्लायर्स | १८९२५ |
| २३ | वडा नं ५ को विभिन्न स्थानमा होमपाइप गडान | ५८४६९ |
| २४ | सुर्य कुमार अधिकारी राजश्व दाखिला वापतको प्रोत्साहन रकम | ६९३० |
| २५ | तेज बहादुर लावतिको घरबाट दक्षिण त्रिवेणी चोकसम्म सडक स्तरोन्नति उ.स | ३००००० |
| २६ | भलुवा सिमसार चिल्ड्रेन पार्कमा माटो पुर्ने उ.स | ३००००० |



CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्या: २/३२/२०८०/०८१

| | | |
|---|---|---|
| २७ | पाँचपोखरी सडक खण्डमा कल्भर्ट निर्माण उ.स | ५००००० |
| २८ | शान्तिघाट जाने सडक स्तरोन्नति र मलामी खाजाघर घेरावारा | २००००० |
| २९ | (रमाइलो वहुमुखि क्याम्पसमा) अध्ययन गर्ने विधार्थि अवलोकन भ्रमण खर्च | ४०००० |
| ३० | गाइ भैसि सुत्केरि प्रोत्साहन भत्ता वडा नं ५ | २७००० |
| ३१ | न्यु सागर अटो पर्टस | ८००० |
| ३२ | रिदम स्टोर | २५००० |
| ३३ | श्री इजिहोम सप्लायर्स | ४९००० |
| ३४ | नारायण चोक पुर्व शुरेश गुरुङको घर अगाडीको झकास पैनि मर्मत उ.स | ३२०००- |
| ३५ | रमाइलो वहुमुखि क्याम्पस (कक्षा ११ र १२ को छात्रवृत्ति रकम) | ४९८००० |
| ३६ | ब्रोडलिङ नेटवर्क एण्ड कम्युनिकेशन प्रा.लि(प्रहरी चौकी रमाइलो) | ११००० |
| ३७ | मछिन्द्र पैनि दहिझिङ्गे सिंचाइ जल उ.स | ५०००० |
| ३८ | युवा सप्लायर्स | २९५४९ |
| ३९ | झरना खत्रि/पुरानो वडाभवनवाट नयाँमा सर्दा भएको विविध खर्च | १४३९० |
| ४० | पिपुल्स हाउजिङ/औजस कन्सट्रक्सन प्रा.लि. | ६३२३८० |
| ४१ | घलेटोल चालिस विघे रोड/उदय निर्माण शेवा | ४९९७७३ |
| ४२ | महारानि वालविकास केन्द्र ट्वाइलेट निर्माण उ.स. | २००००० |
| ४३ | शिक्षा विकास मा.वि जाने वाटो निर्माण उ.स/नवजोति विल्डर्स | १००००० |
| ४४ | शर्शत चालु गो.भौ २२७ को दायित्व कट्टि भएको भौचर को चेक वैंकवाट नसाटिएको | ३३६९९९ |
| ४५ | कर्मचारी विमा कट्टि | २३७६०० |
| ४६ | दमक सर्जिकल सप्लायर्स | १००००० |
| ४७ | पौरख अधिकारी/सरसफाइ वडागत मासिक ५००० का दरले ३ महिनाको। | १५००० |
| ४८ | स्वास्थ्य चौकीको वानटोमा रहेको धाद्रा पैनिमा होमपाइप जडान उ.स | १००००० |
| ४९ | राजगन संगमचोकवाट पुर्व सलवलेचोक जोड्ने सडक स्तरोन्नति कानेपोखरी-२ | २००००० |
| ५० | पच्चिस विघे कुलोमा ड्रेन निर्माण उ.स. | २१२५०० |
| ५१ | अस्थायी प्रहरी चौकी पश्चिम खेल मैदान दक्षिणपट्टि तारजालि व्यवस्थापन कानेपोखरी-७ | २५०००० |
| ५२ | अर्पण इन्टरनेशनल/इन्भर्टर खरिद वापत | ९९,२१४ |
| ५२ | रामेश्वरको घर पछाडिको पुल संरक्षण उ.स | १,५०,०१० |
| ५३ | सागर पौडेल/स्यालो टयुवेल शोधभर्ना भुक्तानी | ४०,००० |
| ५४ | युवा सप्लायर्स (होर्डिङ्ग वोर्ड) | ३९,५५० |

मिति २०८०।०५।३१ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय

राजमती इङ्नाम
अध्यक्ष

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३२/२०८०/०८१

कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय गाउँ कार्यपालिकाको कार्यालय बयरबन, मोरङ कोशी प्रदेश, नेपाल

### निर्णय नं.(३)

प्रस्ताव नं.(३) माथि छलफल गर्दा गत आ.व.०७९।८० तथा यस आ.व.को भाद्र २ गते सम्मको ईन्धन खर्च वापत भुक्तानी गर्न बाँकी जम्मा रकम रु.१०,८१,६८३।- सम्वन्धित पेट्रोल पम्पलाई भुक्तानी गर्ने भनि निर्णय सर्वसम्मतवाट पारित गरियो।

### निर्णय नं.(४)

प्रस्ताव नं.(४) माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र संख्या नं.४ स्थानीज्ञ ३७९३।०७९।८०,मिति २०८०।०३।०१ को पत्रमा मार्फत प्राप्त भएको उजुरीको सम्वन्धमा छानविन तथा आवश्यक कारवाही गरी सो को जानकारी आयोगमा उपलब्ध गराउनु हुन भन्ने व्यहोरा उल्लेख भएको र उक्त पत्र साथ प्राप्त उजुरीमा गाउँपालिकाका अध्यक्षले आफ्नो पार्टीको व्यक्तिहरुलाई कार्यालयबाट डिजेल पेट्रोलको कुपन दिने गरेको सो गाउँपालिकाले अनावश्यक रुपमा विभिन्न किसिमका भ्रमण देखाई विल भरपाई मिलाई रकम हिनमिना गरेकोले छानविन गरि पाउँ भनि छानविनको माग भएकोले उक्त उजुरीको सम्बन्धमा के कसो भएको हो? कार्यालयका कर्मचारी र पालिकाका पदाधिकारीले बाहेक अन्य व्यक्तिहरु (पार्टीको व्यक्तिहरु) लाई इन्धनको कुपन दिएको हो होइन? सो सम्बन्धमा आवश्यक पर्ने सम्पूर्ण प्रकृया अपनाई आवश्यक छानविन गरी १ महिना भित्र छानविन प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्न ५ सदस्यीय छानविन समिति गठन गर्ने र छानविन समितिको प्रतिवेदन प्राप्त भए पछि सोहि बमोजिम गर्ने भनी निर्णय सर्ववसम्मतबाट पारित गरियो।

तपसिल

१.संयोजकः- वार्ड नं.२, अध्यक्षः- सुशिल बुढाथोकी
२.सदस्यः- वार्ड नं.१, अध्यक्षः- रत्न बहादुर कार्की
३.सदस्यः- वार्ड नं.३, अध्यक्षः- गोपालबहादुर कार्की
४.सदस्यः- वार्ड नं.५, अध्यक्षः- चरण गुरुङ
५.सदस्यः- वार्ड नं.६, अध्यक्षः- खड्गबहादुर बस्नेत

### निर्णय नं.(५)

प्रस्ताव नं.(५) माथि छलफल गर्दा आ.व. ०८०।८१ मा सञ्चालन गरिने सम्पूर्ण विकास निर्माण तथा अन्य कार्यक्रमहरु सञ्चालन प्रयोजनको लागि आ.व. ०८०।८१ को मोरङ जिल्लाको दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटमा नबढ्ने गरी पालिकास्तरीय दररेट निर्धारण समितिले पेश गरेको दररेट सर्वसम्मतबाट निर्णय पारित गरियो।

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३२/२०८०/०८१

कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बयरवन, मोरङ कोशी प्रदेश, नेपाल

### निर्णय नं.(६)

प्रस्ताव नं.(६) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका भित्र सामुदायिक वनहरुको विधान तथा कार्ययोजना निर्माण कार्य भैरहेको र सा.व.उ.हरुको विधान निर्माण तथा कार्ययोजना निर्माण कार्यमा पालिकाबाट खर्च गर्न सकिने कानुनी प्रावधान समेत नदेखिएकोले विधान तथा कार्ययोजना सम्बन्धित सा.व.उ. बाटनै गर्नु पर्ने भनि सर्वसम्मबाट निर्णय पारित गरियो।

### निर्णय नं.(७)

प्रस्ताव नं.(७) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका वार्ड नं.३ को आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण कार्यको ठेक्का व्यवस्थापन गर्दा भास्कर कन्ट्रक्सन प्रा.लि. वेलवारी-११ ले वोलपत्र जमानत (bid bonds) भूलवस गाउँपालिकाको धरौटी खातामा जम्मा नगरी संचित कोषमा जम्मा गरेको हुँदा उक्त कन्ट्रक्सनले जम्मा गरेको वोलपत्र वापतको रकम निजलाई पालिकाको संचित कोषबाट नै धरौटी फिर्ता दिने भनि निर्णय सर्वसम्मतबाट पारित गरियो।

### निर्णय नं.(८)

प्रस्ताव नं.(८) माथि छलफल गर्दा "निःशुल्क शिक्षा, पालिकाको इच्छा" कार्यक्रम अन्तर्गत गाउँपालिका क्षेत्रभित्र विद्यालयमा कक्षा ११ र १२ मा भर्ना शुल्क वापत रु.१००० र मासिक शुल्क वापत रु.४०० निर्धारण गर्ने र उक्त भर्ना शुल्क र मासिक शुल्कको एकमुष्ठ रकम रु.५८०० सम्वन्धित विद्यालयबाट प्राप्त प्रमाणित हाजिरी अभिलेखलाई आधार मानी कक्षा शेसनको अन्त्यमा सम्वन्धित विद्यालयको खातामा उपलब्ध गराउने भनी सर्वसम्मत निर्णय पारित गरियो।

### निर्णय नं.(९)

प्रस्ताव नं.(९) माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको आ.व. २०७९।०८० को आन्तरिक लेखा परीक्षण तत्काल गर्ने र आ.व . २०७९।०८० को आन्तरिक लेखा परीक्षण गर्न बाँकी रहेका विद्यालयको चाहिँ दुवै आ.व. को आ.ले.प एकै पटक गरी पालिकामा प्रतिवेदन पेश गर्ने गरी जनशक्ति खटाउने सर्वसम्मतबाट निर्णय पारित गरियो।

### निर्णय नं.(१०)

प्रस्ताव नं.(१०) माथि छलफल गर्दा गाउँपालिकाको वडा नं. ७ स्थित पूर्व पश्चिम राजमार्गमा अविस्थित कानेपोखरी वजारमा र पालिकाको माथिल्लो भेगमा शान्ति सुरक्षालाई मजवुद वनाई व्यवस्थित सुरक्षा दिलाउने कार्यमा कानेपोखरी वजारमा रहेको अस्थायी प्रहरी चौकीको ठूलो भूमिका रहेकाले उक्त चौकीलाई स्थायी वनाउन अत्यावश्यक देखिएकाले अस्थायी प्रहरी चौकी, कानेपोखरीलाई स्थायी प्रहरी चौकीको रुपमा स्तरोन्नति गर्न जिल्ला प्रशासन कार्यालय, मोरङ्ग र नेपाल सरकार समक्ष अनुरोध गर्ने भनी निर्णय सर्वसम्मतबाट पारित गरियो।



CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३२/२०८०/०८१

**निर्णय नं.(११)**

प्रस्ताव नं.(११) माथि छलफल गर्दा गाउँपालिकाको रमाईलो बजारमा रहेको रमाइलो प्रहरी चौकीलाई व्यवस्थित गरी पालिकाको शान्ति सुरक्षालाई चुस्त बनाउन उक्त चौकीको भवन निर्माण गर्नका लागि जग्गा आवश्यक रहेकोले जिल्ला प्रशासन कार्यालय, मोरङ्गसँग समन्वय गरि निःशुल्क जग्गा प्राप्तिको लागि प्रक्रिया अगाडी बढाउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(१२)**

प्रस्ताव नं.(१२) माथि छलफल गर्दा गाउँपालिकाको वडा नं. ३ स्थित आधारभूत स्वास्थ्य चौकीको भवन निर्माणको लागि ठेक्का बन्दोवस्त भै कार्य प्रारम्भ हुने अवस्था रहेकोले उक्त भवनसम्म पुग्ने पहुँच मार्गमा ग्राभेल विछ्याएर मात्र उक्त स्थानसम्म निर्माण सामाग्री लैजान सम्भव हुने भएकोले तत्काल उक्त बाटोमा आवश्यक ग्राभेलको व्यवस्थापन गर्ने र उक्त कार्यमा पालिकाको मर्मत सम्भार कोषबाट रु.१००,०००।-खर्च गर्ने भनी निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(१३)**

प्रस्ताव नं.(१३) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका र पथरी शनिश्चरे नगरपालिकाको सीमानामा अवस्थित डाँस खोलाको कयौं स्थानमा खोलाजन्य सामाग्रीको डम्पिङ्ग भएकोले त्यसको व्यवस्थापन गर्न आवश्यक रहेको भनी पथरी शनिश्चरे नगरपालिकाबाट अनुरोध भई उक्त खोलाको IEE गर्ने भनी अन्तरपालिका स्तरीय बैठकबाट निर्णय समेत भएको हुँदा उक्त खोलामा IEE गर्दा लाग्ने जम्मा रकमको ५०% प्रतिशत रकम पालिकाले व्यहोर्ने भनी निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(१४)**

प्रस्ताव नं.(१४) माथि छलफल गर्दा गाउँपालिका वडा नं. ५ को वडा कार्यालय रहेको भवनको घरभाडा र विद्युत महसुल हालसम्म भुक्तानी नभएकोले २०८० साल असार मसान्तसम्मको घर वहाल र विद्युत महसुल गाउँपालिकाबाट भुक्तान गरी उक्त भवनलाई अव निरन्तरता नदिनका लागि सम्झौता भङ्ग गर्ने प्रक्रिया अगाडी बढाउने भनी निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(१५)**

प्रस्ताव नं.(१५) माथि छलफल गर्दा गाउँपालिका वडा नं. २,३ र ५ को वडा कार्यालयहरुको तला थप गर्न क्रमागत योजनाको रुपमा गत आ.व. मा गाउँसभाबाट रु. २९ लाखसम्म समेत विनियोजन भएको उक्त वडाहरुको ठेक्का व्यवस्थापन गर्दा उक्त रकमले नपुग हुने देखिएको र पालिका स्तरीय ग्राभेलका ठेक्का व्यवस्थापनमा समेत केहि रकम व्यवस्था गर्नु पर्ने भएकाले नपुग रकम पालिकाको अल्याबाट व्यहोर्ने भनी निर्णय सर्वसम्मतबाट पारित गरियो।

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३२/२०८०/०८१

### निर्णय नं.(१६)

प्रस्ताव नं.(१६) माथि छलफल गर्दा गाउँपालिकाबाट प्रवाह हुने सेवालाई व्यवस्थित तथा गुणस्तरीय बनाउन तथा कर्मचारीहरुमा आफ्नो दायित्व प्रति जवाफदेहिता कायम गराउन सेवा करारमा रहेका जनशक्तिलाई व्यवस्थित परिचालनको लागि र अत्यावश्यक पर्दा मात्र बिदा लिने कार्यलाई प्रोत्साहन गर्न करारमा रहेका कर्मचारीहरुले पाउने भनी नेपाल सरकारले तोकेको दिन भन्दा बढी वा कार्यालय प्रमुखलाई जानकारी नगराई बिदामा बसेमा बिदामा बसेको दिनको तलब नियमानुसार कट्टा गरेर मात्र तलब भुक्तानी गर्न आर्थिक प्रशासन शाखालाई निर्देशन दिने भनी निर्णय सर्वसम्मतबाट पारित गरियो।

### निर्णय नं.(१७)

प्रस्ताव नं.(१७) माथि छलफल गर्दा गाउँ सभाको १४ औं अधिवेशनमा विभिन्न ऐन कानुनहरु प्रस्तुत गरी पारित गराउनु पर्ने देखिएकोले गाउँ सभाको १४ औं अधिवेशनको तेस्रो बैठक यहि मिति २०८०।०६।१९ गते शुक्रबार दिनको १.० बजे तोक्ने भनि निर्णय सर्वसम्मतबाट पारित गरियो।

### निर्णय नं.(१८)

प्रस्ताव नं.(१८) माथि छलफल गर्दा संविधान दिवसको अवसरमा कानेपोखरी वार्ड नं.२ स्थित प्रधानटोलमा बनेको आवासमा ८ परिवारलाई मिति २०८०।०६।०३ गते ५:०० बजे हस्तान्तरण गर्ने र सोहि स्थानमा नै संविधान दिवस समेत मनाउने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।

### निर्णय नं.(१९)

प्रस्ताव नं.(१९) माथि छलफल गर्दा देहायको विविध विषयहरुमा छलफल भई सर्वसम्मतबाट निर्णय पारित गरियो।

१. तेक्वान्दो खेलबाट गाउँपालिकालाई राष्ट्रिय स्तरमा चिनाउन तेक्वान्दो खेलाडीहरुलाई खेल सामग्रीको लागि रु.५०,०००।– बराबरको सामान खरिद गरी उपलब्ध गराउने,

२. राष्ट्रिय स्तरको तेक्वान्दो प्रतियोगितामा सहभागी हुन जाने खेलाडीहरुलाई रु.२५,०००।– खर्च रकम उपलब्ध गराउने,.

३. कानेपोखरी-२ मा स्थित गिता भवनको लागि एक थान खानेपानी ट्युबवेल उपलब्ध गराउने,

४. कानेपोखरी वार्ड नं.२ मा केरौन बस्ने मान बहादुर तामाङ अति विपन्न अशक्त बिरामी भै अस्पतालमा बन्धक बस्नु परेकाले उपचारका लागि रु. ३०,०००।– उपलब्ध गराउने,

## कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः २/३२/२०८०/०८१

५. कानेपोखरी वार्ड नं.२ मा बस्ने डमेटुमाल राजंशीलाई स्वास्थ्य उपचारका लागि आर्थिक सहयोग वापत रु.२०,०००।– उपलब्ध गराउने,

६. कानेपोखरी-६ मा च्याउ खेती क्षति भएकाले राहत स्वरुप लिला बहादुर श्रेष्ठलाई रु.१५,०००।– उपलब्ध गराउने,

७. कानेपोखरी-६ स्थित हस्तिनापुर बाटो मर्मत काम सम्पन्न रु.३०,०००।- उपलब्ध गराउने,

८. कानेपोखरी-३ स्थित मिल चोकमा कल्भर्टस मर्मत कार्य रु.१,००,०००।– उपलब्ध गराउने सम्बन्धमा।

९. कानेपोखरीको महिला फुटबल टिमले तेह्रथुम जिल्लामा गई खेलमा सामेल भई पुरस्कार समेत जितेर ल्याएको हुँदा उक्त टिमको सहभागीहरुलाई आर्थिक सहयोगको लागि रु.३०,०००।– उपलब्ध गराउने,

१०. कानेपोखरी-१ को तिवारी टोल उत्तरमा रहेको धाद्रा पैनी बाँध फुटि क्षति भै मर्मत आवश्यक भएकाले रु.७०,०००।– उपलब्ध गराउने,

११. कानेपोकरी-६ अन्तरगतको पौडेल चोक मोतिहाङ्ग लिम्बुको जग्गामा रहेको सिंहदेवी माई स्थान संरक्षण र घेराबाराको लागि रु.७०,०००।– उपलब्ध गराउने,

१२. कानेपोखरी-२ मा रहेको अजम्बरी महिला बचत तथा ऋण सहाकारी संस्था र साना किसान कृषि सहाकरी केरौनलाई तिज विशेष कार्यक्रमको लागि रु.१५०००।– उपलब्ध गराउने,

१३. कानेपोखरी-२ मा रहेको महिला समुहलाई तिज विशेष कार्यक्रमको लागि रु.१०,०००।– उपलब्ध गराउने,

१४. कानेपोखरी-५ मा रहेको जलेश्वर महादेव शिव मन्दिरमा महिला हिंसा विरुद्ध तिज कार्यक्रमको लागि रु.१०,०००।– उपलब्ध गराउने,

१५. कानेपोखरी-७ मा रहेको ईन्द्रेणी बाल क्लबलाई बाल दिवसको लागि रु.१०,०००।– उपलब्ध गराउने,

१६. कानेपोखरी-७ मा स्थित श्री कैलाशेश्वर शिव पंचायन मन्दिरमा तिज विशेष कार्यक्रमको लागि रु.१००००।– उपलब्ध गराउने,

१७. कानेपोखरी-५ छकमक टोलमा राधा कृष्ण तथा शिव मन्दिरमा कृष्ण अष्टमीको पुजा तथा रथ यात्राको लागि रु.१५,०००।– उपलब्ध गराउने,

मिति २०८०।०५।३१ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३२/२०८०/०८१

१८. बुद्ध जयन्ति कार्यक्रमको लागि रेन्छिङ टासी छोयोलिंग गुम्बालाई आर्थिक सहयोग रु.१५,०००।– उपलब्ध गराउने,

१९. कानेपोखरी-६ स्थित श्री सुन्तली आधारभूत विद्यालयमा रङरोगनको लागि रु.१०००००।– उपलब्ध गराउने,

२०. कानपोखरी-५ स्थित श्री जनता आधारभूत विद्यालयमा शिक्षक व्यवस्थापनको लागि अंग्रेजी माध्यमबाट पठनपाठन सहयोग कार्यक्रमबाट रु.२०००००।– उपलब्ध गराउने,

२१. कानेपोखरी-२ श्री जनमत सरस्वती आधारभूत विद्यालयको टिन छाना मर्मतको लागि रु.१,५०,०००।– विद्यालय मर्मत सम्भार कोषबाट उपलब्ध गराउने(प्राविधिक लागत ईस्टिमेटको आधारमा).

२२. कानेपोखरी-६ को श्री पञ्चज्योती आधारभूत विद्यालयका लागि छाना तथा झ्याल मर्मतको लागि विद्यालय मर्मत सम्भार कोषबाट रु.३,००,०००।– उपलब्ध गराउने,

२३. कानेपोखरी-३, श्री घुरघुरा षाषमले महाराज थानलाई पराम्परागत पुजा गर्नको लागि रु.१५०००।– उपलब्ध गराउने,

२४. कानेपोखरी-२ श्री दुर्गा किर्तन मण्डलीलाई भजन कृतनका लागि सामग्री खरिदका लागि रु.३०,०००।– उपलब्ध गराउने,

२५. कानेपोखरी-२, श्री शिवचर्चा किर्तन मण्डलीलाई टेन्ट खरिदको लागि रु.३०,०००।– उपलब्ध गराउने,

२६. पालिका भरिका सहकारीहरुको अनुगमन निरिक्षणको लागि विज्ञ समेतको उपस्थितिमा कानेपोखरी गाउँपालिकाको सहकारी उपशाखाको अग्रसरतामा तत्काल अनुगमन गर्ने र विज्ञलाई प्रचलित नियमानुसार भत्ता उपलब्ध गराउने,

२७. लेखा अधिकृतको मोटरसाईकलको ईन्जिन नै बिग्रेको हुँदा आवश्यक मर्मत सम्भारको लागि ईस्टिमेट गरी मर्मत गर्ने र सो बमोजिम भुक्तानी गर्ने,

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।



CamScanner